

# ११ हाम्रो विश्वास अर्थात आस्थाको लेखक र त्यसलाई पूरा गर्नुहुने, येशू

*__यस अध्यायका मूल पदहरू:__* **हिब्रू १०:३५-३९, रोमी १:१७, हिब्रू ११, यहोशू २:९-११ र हिब्रू १२:१-३।**

*__यस अध्यायको मूल सार पद:__* **"हाम्रा विश्वास सुरु गर्नुहुने र पूरा गर्नुहुने येशूलाई हेरौं, जसले उहाँको सामुन्ने राखिदिएका आनन्दको निम्ति अपमानलाई केहीजस्तो नठानी क्रूसको कष्ट भोग्नुभयो, र परमेश्वरको सिंहासनको दाहिनेपट्टि विराजमान हुनुहुन्छ" (हिब्र १२:२)।**

येशूका समस्त भक्तहरूमा हिब्रू ११ र १२ शायद सबभन्दा मनपर्ने अध्यायहरू भएको पाइन्छ। येशूभक्तको जीवन दौड प्रतियोगितामा भाग लिने जस्तो हो, जसमा हामी सबैले भाग लिन पाउँछौं र जो नथाकिकन डगुरिरहन्छ वा विश्वासमा अडिग रहन्छ उसले पुरस्कार पाउने निश्चित छ। मुक्तिको नाटक भनेको एउटा दौड प्रतियोगिता हो जसमा विश्वास तथा आस्थामा अडिग रहने विगतका जनहरूको मुक्तिको मुकुट सुरक्षित राखिएको छ, तिनीहरूले जतिसुकै दुःखकष्ट भोग्नुपरेतापनि अझै पनि तिनीहरूले पुरस्कार पाएका थिएनन् भनेर पनि ती अध्यायहरूले वर्णन गर्दछन्। तर किन त भन्दा, तिनीहरूको कथा वा तिनीहरूले भोगेका अनुभवहरू तिनीहरूमामात्रै अन्त भएको छैन। त्यसको अन्त वा समापन हामी हौं वा पृथ्वीको अन्तसम्म रहिरहनेहरू। मुक्तिको नाटक त्यसबेला समापन हुन्छ जब दौडको अन्तमा पुग्छौं र रिबनलाई छिचोल्दै भित्र पस्दछौं, र परमेश्वरको दाहिने हातमा बस्नुभएको येशू जो हाम्रो गन्तव्य स्थान वा गोलमा पुग्दछौं। हाम्रो जीवनमा जीवनको दौडमा कसरी भाग लिनुपर्छ भनेर उहाँले नै हामीलाई सिकाउनुहुन्छ, प्रेरणा दिनुहुन्छ। यस संसारमा हुँदा दोडमा कसरी भाग लिनुपर्छ भनेर उहाँ हाम्रो निम्ति मूल अनुकरणीय उदाहरण भएर देखाउनुभएको थियो। हामीले पाउने पुरस्कार कुनै

मनगढन्ते वा हावादारी अध्यात्मिक धारणा नभएर सत्य र वास्तविक हो भनेर उहाँ नै हाम्रो चरम साक्षी हुनुभएको छ, साथै दौडमा उहाँ अग्रज हुनुभएर हाम्रो निम्ति बाटो खुलाइरहनुभएको छ (हिब्रू ६:१९,२०; हिब्रू १०:१९-२३)।

अहिले हामीले देख्न नसकेतापनि परमेश्वरका प्रतिज्ञाहरूमा विश्वासद्वारा भरोसा राख्नुपर्छ भनेर हिब्रू ११ले व्याख्या गर्दछ। विश्वास वा परमेश्वरमाथिको अटल आस्था भनेको के हो र विगतको उदाहरणहरूद्वारा त्यो विश्वास हामीले कसरी प्राप्त गर्नसक्छौं भन्ने विषयवस्तु यस अध्यायमा हामी नियाल्नेछौं, तर त्यो विश्वासको केन्द्रविन्दु विशेष गरेर येशूको उदाहरणद्वारा हेर्नेछौं जो हाम्रो विश्वासको जग र त्यसलाई पूर्णता दिने उहाँ नै हुनुहुन्छ (हिब्रू १२:२)।

## १. परमेश्वरका धार्मिक जन विश्वासद्वारा जिउनेछ

**हिब्रू १०:३५-३९ पढ्नुहोस्। ती पदहरूद्वारा परमेश्वरले हामीलाई के भनिरहनुभएको छ? हेर्नुहोस्, "३५ त्यसकारण आफ्नो यो भरोसा नत्याग, जसमा ठूलो इनामको प्रतिफल छ। ३६ परमेश्वरको इच्छा पूरा गर्न र प्रतिज्ञा गरिएको प्रतिफल प्राप्त गर्न तिमीहरूलाई स्थिर रहनु आवश्यक छ। ३७ किनकि अब एकै छिनमा, "आउनुहुनेचाहिँ आउनु नै हुनेछ, र बियाँलो गर्नुहुनेछैन। ३८ तर मेरो धार्मिक जनचाहिँ विश्वासद्वारा बाँच्नेछ, र यदि ऊ पछि हट्छ भनेता म उसँग खुशी हुनेछैनँ" (हिब्रू १०:३५-३८)।**

युगको अन्तमा रहने परमेश्वरका जनहरूका मूख्य गुणहरू भनेकै आस्थामा स्थिर र धैर्यधारण गरेर बस्नु हो। यी गुणहरू बिना परमेश्वरले दिनुभएका प्रतिज्ञाहरू पाउन सक्षम् हुँदैन (प्रकाश १३:१०,१४:१२)। तर, विश्वासमा स्थिर रहन विश्वासीहरू विश्वासमा दन्हिलो भएर बस्नुपर्दछ वा आस्थालाई बलियोसँग पकडि राख्नुपर्दछ (हिब्रू १०:२३, हिब्रू ४:१४)। ४० वर्षसम्मा मरुभूमिमा यात्रा गर्न वाध्यभएका पुस्ताले तिनीहरूलाई प्रतिज्ञा गरिएको देशमा तिनीहरू पुग्न सकेनन् किनकि तिनीहरूमा विश्वासको कमी थियो (हिब्रू ३:१९) भनेर पावलले उल्लेख गर्दछन्। परमेश्वरले प्रतिज्ञा गर्नुभएको पूरा हुन विश्वासीहरू दैलोमा नै छन् भनेर पावलले चित्रण गर्दछन् (हिब्रू ९:२८; हिब्रू १०:२५,३६-३८)। तर तिनीहरूलाई दिइएको प्रतिज्ञाहरूको उपभोग गर्न चाहन्छ भने तिनीहरूले विश्वासलाई प्रयोगमा ल्याउनुपर्दछ वा तिनीहरूको जीवन र आचरणशैलीले परमेश्वरमाथिको आस्था

वा विश्वासले सक्रियरूपमा काम गरिरहेको भनेर तिनीहरूले देखाइरहनुपर्दछ (हिब्रू १०:३९)।

पावलले विश्वासको परिभाषालाई हबकूक २:२-४लाई उद्धृत गर्दै व्याख्या गर्दछन्। परमेश्वरका धर्मी जनहरूलाई विश्वासघाती र पत्थर हृदय भएका मानिसहरूले सास्ति दिँदा पनि र दवाएतापनि विना हस्तक्षेप नगरि उहाँले कसरी हेऱ्याको हेरेरै गरिरहनुभयो भनेर अगमवक्ता हवकूकले आफ्नो दुखेसो पोखाउँछन् (हवकूक १:१२-१७)। भौतिकरूपमै अगवक्ता र उनका जनहरूले दुःखकष्ट र सास्ती पाइरहेका थिए; त्यसकारण, परमेश्वरले तुरन्तै केही गरुन् भन्ने तिनीहरूको चाहना थियो। तर, परमेश्वरले यो जवाफ दिनुभयो कि उहाँले निर्धारण गर्नुभएको समयमा उहाँको प्रतिज्ञा पूरा गर्न तिनीहरू पर्खनै पर्ने पर्दछ (हबकूक २:२-४)। हबकूक र उनका जनहरू, हाम्रो जस्तै समयमा, रहेका थिए, अर्थात् प्रतिज्ञाको समय र प्रतिज्ञा पूरा हुने समयको बीचमा। हबकूकलाई दिएको सन्देश हिब्रूको पुस्तकमा पनि निरन्तरता दिइएको छ, "जो आउने हुनुहुन्छ उहाँ आउनुहुन्छ र ढिलो गर्नुहुन्न (हिब्रू १०:३७ रूपान्तरित) र "किनकि प्रकाश ठहरिएको समय पूरा हुनलाई पर्खिरहेछ। त्यसले अन्तको विषयमा बताउँछ र त्यो झूटो ठहरिनेछैन। त्यो पूरा हुन ढिलो भए तापनि त्यसको प्रतीक्षा गर्दैबस्, किनभने त्यो निश्चय नै पूरा हुनेछ, त्यसले ढिलो गर्नेछैन" (हबकूक २:३)।

यो सन्देशले येशूलाई सम्बोधन गर्दछ। उहाँ नै धर्मी जन हुनुहुन्छ, उहाँ नै विश्वासको साकार वा मूर्तरूप हुनुहुन्छ। उहाँले परमेश्वरलाई प्रसन्न पार्नुहुन्छ र जीवन दिनुहुन्छ (हिब्रू १०:५-१०)।

तब, उहाँ किन ढिलो गर्नुहुन्छ त? अहँ, उहाँ गर्नुहुन्न। उहाँ आइसक्नुभयो र हाम्रो निम्ति मरिसक्नुभयो (हिब्रू ९:१५-२६), निर्धारण गरिएको समयमा उहाँ निश्चयनै आउनुहुनेछ (हिब्रू ९:२७,२८; हिब्रू १०:२५)।

परमेश्वरको सन्देशले यसरी निरन्तरता दिँदछः "मेरो धार्मिक जनचाहिँ विश्वासद्वारा बाँच्नेछ," ( हिब्रू १०:३८)। यही धारणा पावलले रोमी १:१७ र गलाती ३:११मा दोहोऱ्याउँछन्। रोमी १:१६,१७ विशेष गरेर आत्मिकरूपमा अर्थमूलक छ किनभने परमेश्वरको धार्मिकता वारेमा पावलले यसरी व्याख्या गर्दछन्, "१६ किनकि सुसमाचारसँग म शर्माउँदिनँ। किनभने विश्वास गर्ने प्रत्येकका मुक्तिको निम्ति यो परमेश्वरको शक्ति हो, पहिले यहूदीहरूका निम्ति र अन्यजातिहरूका निम्ति पनि।१७ किनकि सुसमाचारमा परमेश्वरबाट आउने

धार्मिकता प्रकट भएको छ, त्यो धार्मिकता जोचाहिँ सम्पूर्ण रूपले विश्वासद्वारा नै आउँछ। यस्तो लेखिएको छ, “धर्मीचाहिँ विश्वासद्वारा नै जिउनेछ।” आफ्नो प्रतिज्ञाहरूप्रति परमेश्वरको विश्वसनीयता पहिलो हो भनेर पावलले व्याख्या गर्दछन्। उहाँकै विश्वसनीयताको नतिजाले हामीमा पनि विश्वास उत्पादन हुन्छ, जसको फलस्वरूप हामी उहाँप्रति निष्ठावान भएर बाँच्दछौं।

त्यसकारण, आफ्ना प्रतिज्ञाहरूप्रति परमेश्वर निष्ठावान हुनुभएकोले (२ तिमोथी २:१३), उहाँको विश्वसनीयताले गर्दा धर्मी जनहरू पनि विश्वास वा निष्ठामा अडिग भएर बस्दछन्।

**हाम्रो विश्वास वा परमेश्वरप्रतिको हाम्रो आस्था परमेश्वरको विश्वसनीयताको नतिजाले आउँदछ र विश्वास बढाउन उहाँले दिनुभएको ज्ञानमा बढिरहनुपर्छ भन्ने कुरो हामीले किन महत्त्वपूर्ण मानेर महसुस गर्नुपर्दछ? हामीप्रति उहाँको विश्वसनीयता र हामीलाई दिनुभएको उहाँका प्रतिज्ञाहरूमा अझ भरोसा राख्न हामीले वढि कसरी सिक्ने?**

## २. विश्वासद्वारा अब्राहम

हिब्रूको पुस्तकले विश्वास तथा आस्थालाई यसरी परिभाषित गरिएको छ, "अब विश्वासचाहिँ आशा राखिएका कुराको निश्चय वा त्यसमाथि भरोसा राख्ने हो र नदेखिएका कुराको दृढ़ भरोसा हो" (हिब्रू ११:१ रूपान्तरित)। त्यसपछि, लेखकले परमेश्वरमाथिको आस्था वा विश्वासमा अडिग रहने इस्राएल इतिहासका अनुकरणीय उदाहरणहरूको सूची प्रस्तुत गर्दछ। तिनीहरूको जीवनशैलीले नदेखिएको परमेश्वरमाथि आस्था राख्नु भनेको के हो भनेर देखाएको थियो साथै, विश्वास तथा आस्था कुनै आत्मिकीमात्र होइन वा संसारबाट अलग भएर कुनै गुफामा ध्यान गर्ने होइन, तर संसारमा संसारकै मानिसहरूको बीचमा रहेर आस्थाको प्रयोगात्मक जीवन हो भनेर तिनीहरूका क्रियाकलापहरूले देखाएको थियो।

**हिब्रू ११:१-१९ पढ्नुहोस्। साधारण तर विश्वास तथा आस्थाका "बीरहरू" को हुन् र तिनीहरूको आस्थाको अनुसरण किन गर्नुपर्छ भनेर लेखकले कसरी जिकिर गर्दछन्? तिनीहरूकै क्रियाकलापले तिनीहरूले नदेखेको आशामा तिनीहरू कसरी अडिग भएर बसेका थिए भनेर तिनीहरूको विवरणले कसरी देखाउँदछ? हेर्नुहोस्, "१ अब विश्वासचाहिँ आशा राखिएका कुराको निश्चय र नदेखिएका कुराको दृढ़ भरोसा हो। २ किनकि यसै विश्वासद्वारा प्राचीन मानिसहरूलाई परमेश्वरले ग्रहण गर्नुभयो। ३ विश्वासद्वारा हामी**

बुझ्दछौं कि सारा विश्व परमेश्वरको वचनद्वारा सृष्टि भयो, र जो दृश्य छ त्यो अदृश्य कुराबाट बन्यो। ४ विश्वासद्वारा हाबिलले परमेश्वरलाई कयिनले भन्दा अझ ग्रहणयोग्य बलि चढ़ाए, र त्यसद्वारा नै हाबिल धर्मी ठहरिए। तिनको बलि स्वीकार गरेर परमेश्वरले आफ्नो सम्मति जनाउनुभयो। तिनी मरे तापनि विश्वासद्वारा नै तिनी अझै बोलिरहेका छन्। ५ विश्वासद्वारा मृत्यु नचाखी हनोक स्वर्गमा उठाइलगिए, र तिनी कतै फेला परेनन्, किनकि परमेश्वरले तिनलाई लानुभएको थियो। तिनी उठाइलगिनुभन्दा अघि परमेश्वरलाई तिनले प्रसन्न पारेका कुराको पुष्टि भएको थियो। ६ विश्वासविना परमेश्वरलाई प्रसन्न पार्नु असम्भव छ। किनकि जो परमेश्वरको नजिक आउँछ, त्यसले परमेश्वर हुनुहुन्छ र उहाँलाई खोज्नेहरूलाई उहाँले प्रतिफल दिनुहुन्छ भन्ने पक्का विश्वास गर्नुपर्छ। ७ विश्वासद्वारा नोआले त्यति बेलासम्म अदेख रहेका घटनाका बारेमा परमेश्वरबाट चेताउनी पाएर भक्तिसाथ आफ्नो घरानालाई बचाउन एउटा जहाज बनाए। यसरी संसारलाई दोषी ठहराएर विश्वासद्वारा उनी आउने धार्मिकताका उत्तराधिकारी भए। ८ विश्वासद्वारा अब्राहामले आज्ञापालन गरे, र जाऊ भनेको ठाउँतिर गए, जुन ठाउँ उत्तराधिकारको रूपमा उनले पछि पाउनेथिए, यद्यपि उनी कतातिर गइरहेका थिए, त्यो उनलाई थाहा थिएन। ९ विश्वासैद्वारा उनी एक परदेशीझैं प्रतिज्ञाको देशमा इसहाक र याकूबजस्तै तम्बूहरूमा बसोबास गरे। उनीहरू अब्राहामसँगसँगै उही प्रतिज्ञाका हकदार थिए। १० किनकि उनले एउटा जग भएको सहरको प्रतीक्षा गर्थे, जसलाई बनाउने र निर्माण गर्ने परमेश्वर नै हुनुहुन्छ। ११ विश्वासैद्वारा साराले पनि आफ्नो उमेर ढल्किसकेपछि गर्भधारण गर्ने शक्ति प्राप्त गरिन्। किनभने प्रतिज्ञा गर्नुहुनेलाई तिनले विश्वासयोग्य ठानेकी थिइन्। १२ यसैकारण मरेतुल्य शरीर भइसकेको एउटै मानिसबाट आकाशका तारा जत्तिकै असंख्य र समुद्रका किनारका अनगिन्ती बालुवाका कण जत्तिकै सन्तान उत्पन्न भए। १३ प्रतिज्ञा गरिएको कुरा प्राप्त नगरी यिनीहरू सबै विश्वासैमा मरे, तर टाढ़ैबाट त्यसलाई देखेर स्वागत गरी तिनीहरूले मानिलिए, कि तिनीहरू यस पृथ्वीमा परदेशी र प्रवासी थिए। १४ यस्ता कुरा भन्ने मानिसहरूले आफ्नो निम्ति एउटा देश खोजिरहेका छन् भन्ने कुरा प्रष्ट हुन्छ। १५ जुन देशबाट तिनीहरू निस्केर गएका थिए, यदि तिनीहरूले त्यही देशको विषयमा सोचेका भए तिनीहरूलाई फर्किजाने मौका मिल्ने थियो। १६ तर तिनीहरू अझ उत्तम देश, अर्थात् एक स्वर्गीय देशको इच्छा गर्छन्। यसैकारण परमेश्वर तिनीहरूका परमेश्वर भनी पुकारिनु

**शर्माउनुहुन्न, किनभने उहाँले तिनीहरूका निम्ति एउटा सहर तयार पारिदिनुभएको छ। १७ विश्वासद्वारा आफ्नो परीक्षा हुँदा अब्राहामले इसहाकलाई बलि चढ़ाए। उनले प्रतिज्ञाहरू पाएका थिए, तापनि आफ्नो एउटै छोराको बलि चढ़ाउन उनी तयार भए। १८ यिनकै विषयमा यसो भनिएको थियो, "इसहाकद्वारा नै तेरो सन्तानको नाउँ रहनेछ।" १९ परमेश्वरले मानिसहरूलाई मरेकोबाट पनि फेरि जीवित पार्न सक्नुहुन्छ भन्ने कुरा अब्राहामले सोचे, र भनौं भने, उनले इसहाकलाई फिर्ता पाए।**

यस अध्यायको सबभन्दा उल्लेखनीय पात्र शायद अब्राहम हुनसक्छ। अब्राहमको विश्वासको अन्तिम कामले परमेश्वरमाथि सत्य विश्वास तथा निष्ठा भनेको के हो भनेर देखाउँदछ। यो हाम्रो निम्ति विशेष गरेर शिक्षाप्रद वा उपदेशात्मक छ।

परमेश्वरले अब्राहमलाई आफ्नो छोरो इसहाकलाई बलि चढाउन आदेश दिएको तथ्यले परमेश्वरको आफ्नै प्रतिज्ञासँग बाझिनुभएको देखाइएको थियो (हिब्रू ११:१७,१८)। इसहाकमात्र अब्राहमको छोरो थिएन। अब्राहमको घरमा जन्मिने जेठो छोरो इश्मायल थियो। साराले इश्मायल र उसको आमा हागारलाई घरबाट निकाल भनेर कचकच गरेकी थिइन्। त्यो कचकच वा दवावले अब्राहम अत्यन्तै निराश र बेचैन भएका थिए। उनको दिमागमा महान् द्वन्द्व चलिरहेको थियो। तर, परमेश्वरले साराको कुरा सुनेर तिनीहरूलाई घरबाट निकाल भनेर अब्राहमलाई अऱ्हाउनुभयो र तिनीहरूलाई उहाँले नै सम्हाल्नुहुनेछ भनेर भन्नुभएको थियो। जीवित सृष्टिकर्ता परमेश्वरको आराधना गर्ने र उहाँमाथि निष्ठा राख्ने विशेष जाति अब्राहमकै छोरो इसहाकबाट आउनेछ भनेर उहाँले प्रतिज्ञा गर्नुभएको थियो (उत्पत्ति २१:१२,१३)। अनि अर्को अध्यायमा त परमेश्वरले इसहाकलाई नै होमबलि चढाउनु भनेर अब्राहमलाई आदेश दिनुभयो। अब्राहमलाई उत्पत्ति २२मा दिइएको आदेश उत्पत्ति १२-२१मा उहाँले उनलाई दिनुभएको प्रतिज्ञाहरूसँग सरासर बाझिएको थियो।

अब्राहमले सामना गरेका जटिल र अलमलमा पर्ने समस्यालाई अचम्म तरिकाले सुल्झिनेछ भनेर उनलाई आश्वास दिएको थियो हिब्रूको पुस्तकले बताएको छ, त्यो हो यदि अब्राहमले इसहाकलाई बलि दिइयो भने परमेश्वरले उसलाई पुनरुत्थान गर्नुहुनेछ। यो अचम्मको छ, किनभने एक फेरा बलि दिएको व्यक्ति फेरि कहिल्यै पनि पुनरुत्थान भएको थिएन। तर, अब्रहामको पहिलाको अनुभवले आफ्नो छोरोलाई परमेश्वरले जिउँदो पार्नुहुनेछ भन्ने कुरामा

उनी यकिन हुन गएको देखाउँछ। हिब्रू ११:१२ले देखाउँदछ कि परमेश्वरको शक्तिलाई इसहाकले कल्पना गरेको थियो। आफू मरितुल्य भएपनि परमेश्वरको शक्तिलाई अनुभव गरेको थियो। पावलले यो बताउँदछ कि अब्राहम मरेतुल्य भएतापनि र सारा बाँझी भएतापनि उनले परमेश्वरमाथि आशा राखेका थिए। अब्राहमको दिमागमा के थियो भनेर पावलले यसरी व्यक्त गर्दछन्: "१७ जसो लेखिएको छ, "मैले तिमीलाई धेरै जातिहरूका पिता बनाएको छु।" जुन परमेश्वरमाथि अब्राहामले विश्वास गरे, उहाँको दृष्टिमा उनी हामी सबैका पिता हुन्। उहाँले मरेकाहरूलाई पनि जीवन दिनुहुन्छ, र अस्तित्वमा नभएका थोकहरूलाई बोलाई अस्तित्वमा ल्याउनुहुन्छ। १८ "तिम्रा सन्तान पनि यस्तै असंख्य हुनेछन्" भनेर परमेश्वरले भन्नुभएअनुसार, आशा पटक्कै नहुँदा पनि अब्राहामले आशा राखी विश्वास गरे, र यसरी उनी धेरै जातिहरूका पिता बने। १९ प्रायः सय वर्ष पुगिसकेका अब्राहाम मरेतुल्य भइसकेको आफ्नो शरीर तथा साराको कोख बाँझो भएको बुझेर पनि विश्वासमा कमजोर भएनन्। २० परमेश्वरको प्रतिज्ञाबारे कुनै शङ्काले उनलाई डगमगाउन सकेन, तर आफ्नो विश्वासमा दह्रिलो भएर उनले परमेश्वरलाई महिमा दिए। २१ प्रतिज्ञा गर्नुभएको कुरा परमेश्वरले गर्न पनि सक्नुहुन्छ भन्ने अब्राहामलाई पूरा निश्चय थियो" (रोमी ४:१७-२१)। केही हदमा मरेको इसहाकलाई परमेश्वरले जीवन दिनुभएको थियो भने उहाँले फेरि बिउँताउनुहुनेछ भन्ने कुरामा अब्राहम विश्वस्त भएको हामीलाई आभास् दिन्छ। परमेश्वरसँग विगतमा बाक्लो सम्बन्ध भएकोले भविष्यमा पनि उहाँले के गर्न सक्नुहुन्छ सो उनलाई थाहा थियो।

**विगतको समयमा परमेश्वरले हाम्रो जीवनमा कसरी अगुवाइ गर्नुभयो त्यसमा चिन्तन गर्दा भविष्यमा पनि उहाँले अगुवाइ गर्नुहुनेछ भनेर अहिले नै उहाँमाथि हामी विश्वास र भरोसा राख्दै अघि किन नबढ्ने?**

## ३. मोशाः नदेखेको कुरामा विश्वास गर्ने

**हिब्रू ११:२०-२८मा परमेश्वरमाथि निष्ठामा अडिग हुनेहरूको बारेमा थप जानकारी उल्लेख गरिएको छ। ती विश्वासका समूत बीरहरूले के गरे? तिनीहरूको क्रियाकलापले नदेखिएको आशामाथि तिनीहरूको विश्वास कस्तो रहेछ भनेर कसरी देखाए? हेर्नुहोस्, "११ विश्वासैद्वारा साराले पनि आफ्नो उमेर ढल्किसकेपछि गर्भधारण गर्ने शक्ति प्राप्त गरिन्। किनभने प्रतिज्ञा गर्नुहुनेलाई तिनले विश्वासयोग्य ठानेकी थिइन्। १२ यसैकारण मरेतुल्य शरीर**

भइसकेको एउटै मानिसबाट आकाशका तारा जत्तिकै असंख्य र समुद्रका किनारका अनगिन्ती बालुवाका कण जत्तिकै सन्तान उत्पन्न भए। १३ प्रतिज्ञा गरिएको कुरा प्राप्त नगरी यिनीहरू सबै विश्वासैमा मरे, तर टाढ़ैबाट त्यसलाई देखेर स्वागत गरी तिनीहरूले मानिलिए, कि तिनीहरू यस पृथ्वीमा परदेशी र प्रवासी थिए। १४ यस्ता कुरा भन्ने मानिसहरूले आफ्नो निम्ति एउटा देश खोजिरहेका छन् भन्ने कुरा प्रष्ट हुन्छ। १५ जुन देशबाट तिनीहरू निस्केर गएका थिए, यदि तिनीहरूले त्यही देशको विषयमा सोचेका भए तिनीहरूलाई फर्किजाने मौका मिल्ने थियो। १६ तर तिनीहरू अझ उत्तम देश, अर्थात् एक स्वर्गीय देशको इच्छा गर्छन्। यसैकारण परमेश्वर तिनीहरूका परमेश्वर भनी पुकारिनु शर्माउनुहुन्न, किनभने उहाँले तिनीहरूका निम्ति एउटा सहर तयार पारिदिनुभएको छ।१७ विश्वासद्वारा आफ्नो परीक्षा हुँदा अब्राहामले इसहाकलाई बलि चढ़ाए। उनले प्रतिज्ञाहरू पाएका थिए, तापनि आफ्नो एउटै छोराको बलि चढ़ाउन उनी तयार भए। १८ यिनकै विषयमा यसो भनिएको थियो, "इसहाकद्वारा नै तिम्रो सन्तानको नाउँ रहनेछ।" १९ परमेश्वरले मानिसहरूलाई मरेकोबाट पनि फेरि जीवित पार्न सक्नुहुन्छ भन्ने कुरा अब्राहामले सोचे, र भनौं भने, उनले इसहाकलाई फिर्ता पाए।

२० विश्वासद्वारा इसहाकले याकूब र एसावलाई तिनीहरूका भविष्यको बारेमा आशीर्वाद दिए। २१ विश्वासद्वारा मर्ने बेलामा याकूबले आफ्नो लौरोको टुप्पामा घोप्टो परेर परमेश्वरको आराधना गरे, र योसेफको प्रत्येक छोरालाई आशीर्वाद दिए। २२ विश्वासद्वारा योसेफले आफ्नो जीवनको अन्त्यतिर इस्राएलीहरूका प्रस्थानको विषयमा उल्लेख गरे, र उनका अस्थिको विषयमा आदेश दिए। २३ मोशा जन्मँदा तिनका आमा-बुबाले तिनलाई सुन्दर देखे, र विश्वासद्वारा तीन महिनासम्म तिनलाई लुकाइराखे, र राजाका हुकुमको तिनीहरूले डरै मानेनन्। २४ जवान भएपछि विश्वासद्वारा मोशाले फारोकी छोरीका छोरा कहलाइन इन्कार गरे। २५ पापको क्षणिक सुख भोग्नुभन्दा बरु परमेश्वरका मानिसहरूसँग थिचोमिचोमा पर्न तिनले रोजे। २६ मिश्रदेशको धन-सम्पत्तिभन्दा ख्रीष्टको निम्ति निन्दित हुन तिनले मूल्यवान् सम्पत्ति ठाने। किनभने तिनले आफ्नो दृष्टि इनामतिर लाएका थिए। २७ राजाको क्रोधसँग नडराएर विश्वासद्वारा तिनले मिश्रदेश छोड़े। किनकि अदृश्य हुनुहुनेलाई देखेझैं गरी तिनी स्थिर रहे। २८ ज्येष्ठलाई नाश गर्नेले तिनीहरूलाई छुन नपाऊन् भनेर तिनले विश्वासद्वारा निस्तार-चाड़को विधि पालन गरे र रगत छर्के" (हिब्रू ११:११-२८)।

विश्वासको अध्यायमा मोशा दोस्रो मूख्य उदाहरण भएको देखिन्छ। मोशाको जन्मदेखि राजाको हुकुमको विरोधमा दुई प्रकारको अटेरीहरूलाई चिनाएर उनको जीवनको कथा अन्त गरिएको छ। पहिलोतः, राजाको हुकुमको डर नमानेर उनका बुबाआमाले मोशालाई लुकाएका थिए (हिब्रू ११:२३), र राजाको रिसको डर नमानेर मोशाले मिश्रदेशलाई छोडेका थिए (हिब्रू ११:२३)। तर, मोशाको उल्लेखनीय चरित्रतः यो देखाइएको थियो कि उनले आफूलाई फारोको छोरीको पुत्र कहलाउन अस्वीकार गरे (हिब्रू ११:२४)। "फारो राजाको छोरी" भनेर सम्बोधन गरिएकोले यो देखाउँछ कि मोशा अर्को फारो राजा हुने अवसर मिलेको थियो। यद्यपि, त्यस समयको अत्यन्तै शक्तिशाली राष्ट्र र सभ्यताको गौरव भएको मिश्र देशको भावी सम्राात् हुने अवसरलाई त्यागेका थिए। बरू, तत्कालिन विश्वको सभ्य, धनी र शक्तिशाली राष्ट्रको शासक हुनुको सट्टा भर्खरै स्वतन्त्र भएको शरणार्थी भएर निस्केका दासको अगुवा चाए।

**हिब्रू ११:२४-२७सँग हिब्रू १०:३२-३५ तुलना गरेर पढ्नुहोस्। सुरुका हिब्रूहरूमा भएको परिस्थिति र मोशाको अनुभवमा के समानता छ? हेर्नुहोस्, "२४ जवान भएपछि विश्वासद्वारा मोशाले फारोकी छोरीका छोरा कहलाइन इन्कार गरे। २५ पापको क्षणिक सुख भोग्नुभन्दा बरु परमेश्वरका मानिसहरूसँग थिचोमिचोमा पर्न तिनले रोजे। २६ मिश्रदेशको धन-सम्पत्तिभन्दा ख्रीष्टको निम्ति निन्दित हुन तिनले मूल्यवान् सम्पत्ति ठाने। किनभने तिनले आफ्नो दृष्टि इनामतिर लाएका थिए। २७ राजाको क्रोधसँग नडराएर विश्वासद्वारा तिनले मिश्रदेश छोड़े। किनकि अदृश्य हुनुहुनेलाई देखेझैं गरी तिनी स्थिर रहे।" र "३२ ती अघिका दिनहरूलाई सम्झ, त्यस बेला प्रकाश पाएपछि तिमीहरू कष्टहरूसहित कठोर सङ्घर्षमा स्थिर रहेका थियौ। ३३ कहिले त निन्दा र कष्टहरूले अरूको तमाशा बनाइएका थियौ भने कहिलेचाहिँ त्यस्तै अवस्थामा परेकाहरूसँगसँगै सहभागी भएका थियौ। ३४ कैदीहरूमाथि तिमीहरूले दया देखायौ, आफ्नो सम्पत्ति लुटिँदा पनि हर्षसाथ सह्यौ, किनकि तिमीहरू जान्दथियौ, कि तिमीहरूको आफ्नै अझ उत्तम र सदा रहने सम्पत्ति छ। ३५ त्यसकारण आफ्नो यो भरोसा नत्याग, जसमा ठूलो इनामको प्रतिफल छ। ३६ परमेश्वरको इच्छा पूरा गर्न र प्रतिज्ञा गरिएको प्रतिफल प्राप्त गर्न तिमीहरूलाई स्थिर रहनु आवश्यक छ।"**

मिश्र देशको राजा हुने प्रतिज्ञा वा अवसरहरूभन्दा अपार थोक देख्न सक्नु वा नदेखिने वा थाहै नपाएका परमेश्वरका प्रतिज्ञाहरूतिर आँखा लगाउने

खुबी हुनु नै मोशाको महानता थियो। इजिप्ट वा मिश्र देशको सम्पन्नता, सभ्यता, राजकीय शक्ति, सुखसुविधा, ऐसाआरामतिर होइन तर परमेश्वरले दिनुहुने "इनाम"तिर मोशाको आँखाको ध्यान केन्द्रीभूत गरेका थिए भनेर हिब्रूको पुस्तकले ठोकुवा गर्दछ। यो इनाम केवल मोशालाईमात्र होइन तर उहाँलाई विश्वास गर्ने सबैलाई प्रतिज्ञा गरिएको छ भनेर हिब्रू १०:३५ले उल्लेख गर्दछ।

पावलका सुरुका पाठकहरूको दिमाग वा मनमा उनले बताएको मोशाको निर्णय अत्यन्तै प्रभावकारी भएर गाडिएको हुनुपर्दछ। येशूमा विश्वास राखेकोले तिनीहरू गाली, बेइज्जत, अपमान, दुर्व्यवहार, तिरस्कार र सतावट सहन वाध्य भएका थिए। शत्रुहरूले तिनीहरूलाई सताएकोले आफ्ना धनसम्पत्ति, घर, जग्गा जमिनहरू छोडेर भाग्नुपरेको थियो। आफ्ना व्यक्तिगत सम्पत्ति गुमाउँदा तिनीहरूलाई ठूलो मर्का र चोट परेको थियो (हिब्रू १०:३२-३४)। त्यो पनि तिनीहरूले सहनै परेको थियो। तिनीहरूलाई झ्यालखानमा पनि थुनिएका थिए (हिब्रू १३:३)। त्यस्तै गरेर मोशाले पनि परमेश्वरको जनहरूलाई गरेको दुर्व्यवहारसँगै आफू सहभागी हुन रुचाए। आफू ख्रीष्टसँग मिल्न गएकोले मिश्र देशको धनसम्पत्ति, अधिकार, शक्ति आदि त्याग्न तयार भए किनकि ख्रीष्टले दिनुहुने इनाम इजिप्टको कुनै पनि इनामभन्दा महान् थियो।

**तपाईंले प्रभु येशूमाथि विश्वास गरेकोले कस्ता कस्तो संघर्षहरू भोग्नुभयो, सो सोच्नुहोस्। त्यसको लागि तपाईंले के त्याग्न वाध्य हुनुभयो? किन, आखिरमा तपाईंले अहिले देख्न नसकेपनि परमेश्वरले दिनुहुने इनाम के संसारले दिने कुनै पनि इनामभन्दा श्रेष्ठ छ भन्ने कुरामा के तपाईं निश्चित हुनुभएको छ?**

## ४. विश्वासद्वारा राहाब र अरू विश्वासको बीरहरू

**हिब्रू ११:३१ र यहोशू २:९-११ पढ्नुहोस्। अर्कै जाति, परमेश्वरप्रति विश्वास नभएका देशवासीहरूको बीचमा रहने र मूर्तिपूजा गर्ने त्यो पनि आफ्नो नाउँमा कलङ्क लगाएर बेश्या भएको राहाब पनि पवित्र बाइबलमा उल्लेखित चरित्रहरूमा सम्मानसाथ उनको नाउँ किन समावेश भएको छ? हेर्नुहोस्, "जासूसहरूलाई राम्रो स्वागत गरेकी हुनाले अनाज्ञाकारीहरूका साथमा राहाब वेश्या नाश भइनन्" (हिब्रू ११:३१) र "८ ती जासूसहरू सुत्न अघि माथि कौसीमा त्यो स्त्री उक्लेर आई, ९ र त्यसले**

**ती मानिसहरूलाई भनी, "मलाई थाहा छ, यो देश परमप्रभुले तपाईंहरूलाई दिनुभएको छ, र हामीहरूका बीच तपाईंहरूको कारण आतङ्क फैलिएको छ, र यहाँका बासिन्दाहरू तपाईंहरूको भयले काम्न थालेका छन्। १० तपाईंहरू मिश्रदेशबाट निस्केर आउनुहुँदा तपाईंहरूका सामुन्ने परमेश्वरले लाल समुद्रको पानी सुकाइदिनुभएको र यर्दन पारिका एमोरीहरूका दुवै राजा, सीहोन र ओगलाई तपाईंहरूले नाश गर्नुभएको पनि हामीहरूले सुनेका छौं। ११ यो सुन्ने बित्तिकै हामी भयाकुल बन्यौं र तपाईंहरूको कारण हामीहरू कसैमा साहस रहेन, किनकि परमप्रभु तपाईंहरूका परमेश्वर नै माथि स्वर्गमा र तल पृथ्वीमा परमेश्वर हुनुहुन्छ" (यहोशू २:८-११)।**

परमेश्वरमाथिको विश्वास गर्नेहरूको विरहरूको सूचीमा राहाब जस्तो कलङ्कित वेश्याको नाउँ उल्लेख गरिनु शायद कसैले अपेक्षा गरेका थिएनन्। दुई महिलाहरूको नाउँ किटान गरिएकोमा राहाबको नाउँ पनि उल्लेख गरेको छ। सूचीमा उनको नाउँ दसौं स्थानमा छ, पहिलोमा इस्राएलका पूर्खाहरू र अगुवाहरूका नाउँहरू उल्लेख गरिएका छन्। ती सबै परमेश्वरको सामु धर्मी वा निर्दोषी थिए। तर जब राहाबको मामिलामाभने, उनी केवल स्त्रीमात्र थिइनन् अर्के जातका वा अयहुदी वेश्या थिइन्।

तर, अचम्मको विषयबस्तु के छ भने यस अध्यायको केन्द्रविन्दु र निर्णायक भुमिका खेल्ने पात्र उनी नै भएकी छिन्। विश्वासीहरूको विश्वासको सूची पनि विशेष तरिकाले मिलाएको पाइन्छ। त्यसमा उल्लेख गरिएको ढाँचामा "विश्वासद्वारा त्यो र उसले यो यो काम गरे" वा "विश्वासद्वारा यी यी कामहरू ती ती व्यक्तिहरूलाई भए" भनेको छ। जुन रूपमा विश्वासका पात्रहरूको बारेमा दोहोऱ्याउँदै उल्लेख गरिएको छ, त्यसको निर्णायक वा निश्कर्षमा के भयो भन्ने कुरो पाठकहरूमा उत्सुक हुन्छ। विश्वासद्वारा यहोशूले के गरे त? "*उनले मानिसहरूलाई प्रतिज्ञा गरिएको देशमा लान नेतृत्व गरे।*"

सूचीको क्रममा यहोशूले इस्राएलीहरूको नेतृत्व गरेर कनानमा लगे भनेर तुरन्तै निश्कर्ष निकालेको छैन, बरु अचानक वेश्याको नाउँ उल्लेख गरेको छ। विश्वास भन्ने शब्द उल्लेख गर्दै जुन ढाँचामा वर्णन गरिएको छ, जब राहाबको नाउँ उल्लेख गरेपछि पावलले अचानक आफ्नो लेखन शैलीलाई रोक्दछ र भन्दछ "अझ धेरै मैले के कुरा गर्ने?" (हिब्रू ११:३२)। अनि, पावलले हतार हतारमा अरू केही नाउँहरू र घट्नाहरूको उल्लेख गर्दछन् तर धेरै व्याख्याचाहिँ नगरिकनै।

परमेश्वरलाई विश्वास गर्न के के कदमहरू अपनाउनु पर्छ राहबले प्रकट गरेकी थिइन्, जुन हामीलाई पनि उत्तिकै सान्दर्भिक छ। प्रथमतः उनले विश्वासका कदमहरू सुनिन् (परमेश्वरले इस्राएलीहरूलाई के गर्नुभयो सो सुनिन्। इस्राएलीहरूको गवाही उनको हृदयमा सजिएको थियो)। दोस्रो, इस्रायलीहरूलाई परमेश्वरले के गर्नुभयो सो उनलाई पनि गरिनेछ भनेर उनले विश्वास गरिन् अर्थात् परमेश्वरमाथि उनले आस्था राखिने, तेस्रो, उनले पनि परमेश्वरका आज्ञाहरू पालन गर्न राजी भइन्। मिश्र देशमा भएका महामारीहरू उनले देखेकी थिइनन् न त लालसमुद्रबाट इस्राएलीहरूलाई उद्धार गरिएको, वा चट्टानबाट पानी वगेको न त आकाशबाट मन्ना वर्षेको उनले देखिन्; तैपनि ती सबै थोकहरू भएको उनले विश्वास गरिन्। त्यसले गर्दा हिब्रूका पाठकहरूको निम्ति उनी अनुकरणीय उदाहरण बनिन्। हिब्रूका पाठकहरूले येशूले प्रचार गर्नुभएको प्रतक्ष्यरूपमा सुनेका थिएनन् न त उनले गरेका आश्चर्य कामहरू। हामीले पनि ती कुनै पनि देखेका छैनौं तैपनि हामीले उहाँलाई विश्वास गर्छौं।

"यरिहो सहरको पर्खालभित्र रहेकी राहब चरित्रहिन वेश्या थिइन्। यहोशूले पठाएका दुई इस्राएली जासुसहरूलाई उनले लुकाएकी थिइन्। ती जासुसहरू यरिहो सहरको सुरक्षाको बारेमा जाँच्न आएका थिए। तिनीहरूमाथि उनले देखाएको दयाले गर्दा र परमेश्वरमाथिको विश्वास उनले प्रकट गरेको कारणले जब यरिहो सहरमाथि आक्रमण हुन्छ तब उनको जीवन र उनका परिवारको जीवन सुरक्षित हुनेछ भनेर ती जासुसहरूले वाचा गरेका थिए।" एलेन जी ह्वाइट, *डटर्स अभ गड,* पृ. ३५बाट रूपान्तरित।

अनि पावलले विश्वासी बीरहरूको कथालाई निरन्तरता दिन्छन् (हिब्रू ११:३५-३८)। ती वृतान्तहरूमा परमेश्वरको भक्तहरूको सूची दिइएको छ। ती बीरहरूले कस्ता कस्तो सास्ती वा कठिन परिस्थिति जीवनको सामना गर्न वाध्य भएका थिए भनेर उल्लेख गरिएको छ। पावलले उल्लेख गरेको वाक्य "अरूहरूले मृत्युपछि अझ उत्तम जीवन प्राप्त गर्नलाई छुटकारा इन्कार गरेर बरु सास्ती भोगे" (हिब्रू ११:३५)को अर्थ तिनीहरू भाग्न सम्भव भएको थियो तर आफूले पाउने दुःखबाट भागेनन्, किनकि तिनीहरूको दृष्टि परमेश्वरको इनामतिर थियो।

**परमेश्वरले छदिन लगाएर सृष्टि गर्नुभएको काम हामीले देखेका छैनौं, प्रस्थानको पुस्तकमा इस्राएलीहरूको यात्राको हामी प्रतक्ष्यदर्शी पनि होइनौं न त येशूको क्रूस, यद्यपि, तिनीहरूले जेजे गरे त्यसप्रति हामीले विश्वास गर्नुपर्छ भन्ने असल कारणहरू किन छन्?**

## ५. येशू, हाम्रो विश्वासको लेखक र पूरा गर्नुहुने वा सिद्ध बनाउनुहुने

**हामीले के गर्नुपर्छ भनेर हिब्रू १२:१-३ले के उल्लेख गरेको छ? हेर्नुहोस्, "१ यसकारण यतिका साक्षीहरूको ठूलो बादलले हामीलाई घेरिराखेको हुनाले, हरकिसिमका बोझा र हामीलाई सजिलैसित अल्झाउने पापलाई पन्छाएर हाम्रा सामुन्ने राखिदिएको दौड धैर्यसाथ दौडौं। २ हाम्रा विश्वास सुरु गर्नुहुने र पूरा गर्नुहुने येशूलाई हेरौं, जसले उहाँको सामुन्ने राखिदिएका आनन्दको निम्ति अपमानलाई केहीजस्तो नठानी क्रूसको कष्ट भोग्नुभयो, र परमेश्वरको सिंहासनको दाहिनेपट्टि विराजमान हुनुहुन्छ। ३ पापीहरूबाट उहाँको विरुद्धमा भएका यतिका विवादहरू सहनुहुनेलाई विचार गर, र तिमीहरू शिथिल नहोओ, अनि हरेस नखाओ।"**

विश्वासको बारेमा वाख्या गरेपछि त्यसको चरमबिन्दुमा येशूलाई पावलले हिब्रू १२मा पुऱ्याउँछन्। "आउनुहुने" र "ढिलो गर्नुनहुने" (हिब्रू १०:३७) भनेर येशूको बारेमा लेख्दै पावलले आफ्नो पत्र सुरु गर्छन्, र उहाँनै हाम्रो विश्वासलाई "पूरा गर्नुहुने वा सिद्ध बनाउनुहुने" (हिब्रू १२:२) भनेर विश्वासको बारेमा आफ्नो भनाइ टुङ्ग्याउँछन्। " **हाम्रा विश्वास सुरु गर्नुहुने र पूरा गर्नुहुने वा त्यसलाई पूर्णता दिनुहुने" येशू नै हुनुहुन्छ।** यसको अर्थ येशूले गर्दा नै हाम्रो विश्वास सम्भव भएको छ र विश्वासीको जीवन कस्तो हुनेरहेछ भन्ने सिद्ध अनुकरणीय उदाहरण उहाँ नै हुनुहुन्छ। विश्वासको मूर्तरूप उहाँ नै हुनुहुन्छ र विश्वास भनेको के हो त्यसको सही परिभाषा दिने उहाँ नै हुनुहुन्छ। येशूले गर्दा नै, विश्वासलाई व्यक्त गर्ने सिद्ध परिभाषा सही रूपमा बुझ्न गएको छ। येशू नै हाम्रो विश्वासको "संस्थापक, लेखक, अग्रज" हुनुहुन्छ। येशूमा भएको विश्वासको परिभाषा कमसेकम तीन प्रकारले हामी बुझ्छौं।

पहिलो, वास्तविकरूपमा भन्ने हो भने विश्वासको दौडलाई सिध्याउने उहाँमात्र हुनुहुन्छ। विश्वासलाई पूर्णता दिने उहाँ नै हुनुहुन्छ। अध्याय ११मा उल्लेख गरिएका विश्वासका बीरहरू पनि विश्वासको दौडमा भाग लिएका थिए तर तिनीहरूले सिध्यायका थिएनन् (हिब्रू ११:३९,४०)। तर, येशूले विश्वासको दौडलाई समापन गरेर स्वर्गमा परमेश्वरको विश्राममा पस्नुभएको थियो र पिताको दायाँ हातमा बसिरहनुभएको छ। विगतका वा अहिलेका विश्वासका वीरहरूसँग हामी दौडमा सहभागी भएपछि अन्तमा आएर येशूमै हामी सिध्याउँछौं र भविष्यमा उहाँसँग स्वर्गको राज्यमा शासन गर्नेछौं (प्रकाश २०:४)।

दोस्रो, येशूको सिद्ध वा परिपक्व जीवनले गर्दा नै ती पात्रहरूको दौडमा भाग लिन सम्भव भएको थियो (हिब्रू १०:५-१४)। यदि येशू आउनुभएको थिएन भने हिब्रू ११मा उल्लेखित विश्वासका पात्रहरूको दौड बेकारको हुन्थ्यो।

अन्तमा, हामीमा विश्वास वा आस्था हुनुपर्ने कारण येशू नै हुनुहुन्छ। उहाँ परमेश्वरसँग एक हुनुभएकोले नै हामीप्रति परमेश्वरको विश्वसनीयता उहाँले नै व्यक्त वा प्रकट गर्नुभएको थियो। हामीलाई मुक्ति दिने उहाँको प्रयासलाई उहाँले कहिल्यै पनि त्याग्नुभएको थिएन, त्यसैकारण यदि उहाँप्रतिको निष्ठा वा विश्वासलाई त्यागेनौं भने हामीले पनि पाउने इनाम प्राप्त गर्नेछौं। येशूले बढो धैर्यतापूर्वक विश्वासको दौडमा लाग्नुभएको थियो। हामीमा विश्वासको कमी भएतापनि, हामी दौडमा ढलपल भएतापनि उहाँ विश्वासमा अडिग हुनुभएको थियो (२ तिमोथी २:१३)। अब, उहाँको विश्वसनीयता वा उहाँको अटल विश्वासको प्रत्युत्तरमा उहाँमाथि विश्वास गर्नुको विकल्प अरू छैन।

अन्तमा आएर, हाम्रो विश्वासलाई मूर्तरूप दिने वा पूर्णता गर्ने येशू नै हुनुहुन्छ किनभने विश्वासको दौडमा कसरी दगुर्नु पर्छ भनेर उहाँले नै सिकाउनुभएको थियो। उहाँको उदाहरण हाम्रो लागि सिद्ध र पक्का छ। विश्वासको दौडमा उहाँ कसरी दगर्नुभयो त? हाम्रो निम्ति उहाँले सबै थोक वा स्वर्गको भार नै उहाँले थन्क्याएर यस संसारमा आउनुभयो (फिलिप्पी २:५-८)। उहाँले कहिल्यै पनि पाप गर्नुभएन। उहाँले आफ्नो दृष्टि अटल इनाममा लगाउनुभयो, जुन उहाँको सामु आनन्दसाथ राखिएको थियो। त्यो इनाम थियो, मानव जगत उहाँको अनुग्रहले मुक्ति पाउने उहाँले देख्नुभएको थियो। त्यसकारण, उहाँको बारेमा गरिने सबै गलत धारणा र उहाँमाथि गरेको सबै सास्ती र दुर्व्यवहार उहाँले सहनुभयो। लज्जास्पद र कठोर क्रूसको मृत्यु भोग्नुभयो (हिब्रू १२:२,३)।

हाम्रो दगुर्ने पालो हो। येशूले प्राप्त गर्नुभएको लक्ष्यमा हामीहरूले आफ्नै बल, अथक प्रयास वा धर्मकर्मले पुग्न सक्दैनौं। तर, उहाँको सिद्ध र अनुकरणीय उदाहरण हाम्रो सामु छ, र उहाँमा विश्वास राखेर, र हाम्रो आँखा उहाँमा नै राखिरहेर (जसरी हामीहरूको अग्रजहरूले राखेका थिए), हामी विश्वासमा अडिग भएर अघि बढिरहनुपर्दछ। उहाँले हामीलाई दिनुहुने महान् इनाम वा प्रतिफलका प्रतिज्ञाहरूमा भरोसा राख्दै जुनसुकै भयानक परिस्थितिको सामना गर्नुपरेतापनि हामी विश्वासको दौडमा लागिरहौं।

**उपसंहारः**

**थप जानकारीः** "विश्वासद्वारा तपाईँ येशूको हुनुभएको छ, र विश्वासैद्वारा तपाईँ उहाँमा बढ्नुहुन्छ, त्यो पनि दिँदै र लिन्दै। तपाईँले तपाईँको सबै थोक दिनुपर्दछ,-तपाईँको हृदय, तपाईँको चाहना, तपाईँको सेवा,-उहाँले निर्धारण गर्नुभएका सबै आवश्यकताहरू मान्न तपाईँले आफूलाई उहाँलाई नै सुम्पिनुहोस्; र उहाँले जे दिनुहुन्छ त्यो सबै थोक लिनैपर्छ,-प्रभु येशू ख्रीष्ट जो सारा आशिषको पूर्णता हो, उहाँलाई तपाईँको हृदयमा सजाइ राख्नुहोस्, तपाईँको बल, धार्मिकता, अनन्तको सहायक उहाँ नै हुनुहुन्छ। तपाईँको हृदयमा उहाँलाई रहन दिनुभए उहाँले नै परमेश्वरका वचन तथा आज्ञाहरू पालन गर्न शक्ति दिनुहुनेछ।"-एलेन जी ह्वाइट, *स्टेप्स टु क्राइस्ट,* पृ. ७०बाट रूपान्तरित।

"हाम्रो विश्वासको आधारलाई पर्याप्त प्रमाण नदिइकन, परमेश्वरले हामीलाई कहिल्यै पनि उहाँमाथि विश्वास राख भन्नुभएको छैन। उहाँको अस्तित्व, उहाँको चरित्र, आफ्नो वचनप्रति उहाँको वचनवद्धता सबै थोक साक्षीसहित स्थापना भएको छ। ती तत्वहरूले हाम्रो दिमागलाई घचघच्याइरहेको हुन्छ; र उहाँको बारेमा प्रमाणहरू प्रसस्त छन्। यद्यपि, शङ्का गर्ने सम्भावनालाई हाम्रो दिमागबाट कहिल्यै पनि मेटाउनुभएको छैन। हाम्रो विश्वास प्रमाणको आधारमा हुनुपर्छ, तर भावनात्मक वा उत्तेजनात्मक प्रदर्शनबाट होइन। जसले शङ्का गर्न चाहन्छ उसलाई शङ्का गर्ने अवसर दिइएको हुन्छ; तर, जसले सत्यलाई हृदयदेखि चाहन्छ तिनीहरूको विश्वासलाई अडिग बनाउन तिनीहरूले पर्याप्तमात्रामा प्रमाणहरू पाउन सक्दछन्।

"हाम्रो सिमित मानवीय दिमागले असिमित परमेश्वरको चरित्र वा कामहरूलाई बुझ्न असम्भव छ। जो मानिसको बौद्धिक क्षमता तीखो छ, जो शिक्षित दिमागको छ, उसको निम्ति परमेश्वरको बारेमा आत्मज्ञान रहस्यमा नै बेरिरहेको हुनुपर्दछ। अय्यूब ११:७,८मा त्यसबारे स्पष्ट धारणा यसरी राखिएको छ, " ७ "के तपाईं परमेश्वरको रहस्यको गहिराइलाई बुझ्न सक्नुहुन्छ? के तपाईं सर्वशक्तिमान्‌को सीमालाई जाँच्न सक्नुहुन्छ? ८ त्यो त स्वर्गभन्दा अल्गो छ, तपाईं के गर्न सक्नुहुन्छ? त्यो ता चिहानभन्दा गहिरो छ, तपाईं के जान्न सक्नुहुन्छ?"-एलेन जी ह्वाइट, *स्टेप्स टु क्राइस्ट,* पृ. १०५बाट रूपान्तरित।

**चिन्तनमननः**

अ. एकजना पौराणिक इसाई विद्वानले लाटिन भाषामा यो लेखेका थिए **Credo utintelligam** (क्रेडो युटिनटेलिगाम) अर्थात् "म विश्वास गर्छु ताकि म बुझ्न सकुँ।" हिब्रू ११:३मा लेखिएको छ, "विश्वासद्वारा हामी बुझ्दछौं" (रूपान्तरित)। आस्था वा विश्वास र बुझाइको बीचमा के सम्बन्ध छ? कुनै कुरो बुझ्नुभन्दा अघि विश्वास पहिला किन आउनुपर्दछ? अर्थात्, हामीले नबुझेतापनि कतिपय समयमा विश्वासद्वारा किन अघि बढ्नुपर्छ, कमसेकम पहिलो कदममा? तत्कालै नबुझेतापनि विश्वास गरियो भने हामीले विश्वास गर्नु आवश्यकता हुन्छ, अनि पछि त्यसको बारेमा ज्ञान वा बुझाइ क्रमरूपमा बढाउन सकिन्छ।

आ. ग्रिक भाषामा पिस्टिस **pistis** को अर्थ दुवै "विश्वास" र "निष्ठावान" हो। "विश्वासद्वारा" जिउन भनेको केहो सो बुझ्न, ती दुवै अर्थहरूलाई खोतल्दै किन अघि बढ्नुपर्दछ? हिब्रू ११मा उल्लेखित विश्वासका बीरहरूले तिनीहरूको निष्ठालाई कसरी देखाएको थियो, जुन तिनीहरूको विश्वासको वास्तविकता थियो? हामीले पनि त्यही कसरी गर्न सक्छौं वा कतिपय कुराहरू नबुझेतापनि हाम्रो विश्वासमा निष्ठावान भएर बस्न कसरी सिक्ने?

इ. यथार्थमा, विश्वास भनेकोपरमेश्वरको बरदान हो (रोमी १२:३) भनेर हामीले बुझेतापनि त्यस बरदानलाई हाम्रो जीवनमा पाउन र कायम राख्न हाम्रो भूमिका के हुनुपर्दछ?

## कथा ११
## क्षमा दिने आमा, भाग १
## चारमेन कु, ३८, थाइलान्ड

जब मैले मेरो जीवनलाई येशूमा सुम्पें तब मेरो जीवनमा पापसँग सङ्घर्ष गरिरहेको पवित्र आत्माले मलाई विश्वस्त तुल्याएका थिए। आमाबाबुलाई आदर गर भन्ने एउटा आज्ञालाई मैले वेवास्ता गरिरहेको थिएँ। मेरो पापको महसुस गरेपछि मैले दाउदको प्रार्थना गरें, "हे परमेश्वर, मलाई जाँच्नुहोस्, र मेरो हृदयलाई जान्नुहोस्। मलाई जाँच्नुहोस्, र मेरा चिन्ताहरूलाई जान्नुहोस्। हेर्नुहोस्, ममा कुनै खराब चाल छ कि, र मलाई अनन्तको मार्गमा डोऱ्याइदिनुहोस्" (भजनसंग्रह १३९:२३-२४)। येशूलाई विश्वास नगर्ने युवासँग मेरो देश मलेशियामा हेमचेम गर्न थालें। मेरी आमाले त्यो मनपराएकी थिइनन्। यसरी मेरी आमा र मसँग ८ वर्षसम्म तनाव चलिरहेको थियो। म हठी पनि थिएँ। आमासँग यसबारे मैले कहिल्यै पनि सोधिनँ। मैले गर्दा आमालाई गार्हो पनि भइरहेको थियो। उनीसँग मेरो राम्रो बोलिचाली पनि थिएन। म घरमा सुत्नमात्र आउँथे। क्षमाको निम्ति प्रभुसँग प्रार्थना पनि गर्न थालें। पाचौं आज्ञा पालन गर्न सहयोग गर्न पनि मैले बिहान बिहान प्रार्थना गर्दथें। तर मेरो आमा र मेरो बीचमा कचकच चलिनै रह्यो। उनले खाना खान बोलाएकि पनि मलाई मन पर्न छोडेको थियो। म आमालाई अपमान गर्ने छोरी भएको थिएँ। दुई महिनासम्म त आमासँग बोल्न पनि छोडें। उनले कुरा गर्न खोज्दा मैले वेवास्ता गरें। मैले उनलाई क्षमा दिन सकेको थिइनँ। तर मैले फेरि प्रार्थना गर्न थालें। एक दिन बिहान बाइबलमा मैले यो पद पढें, "किनकि तिमीहरूले मानिसहरूका अपराध क्षमा गऱ्यौ भने तिमीहरूका स्वर्गमा हुनुहुने पिताले पनि तिमीहरूलाई क्षमा गर्नुहुनेछ। तर तिमीहरूले मानिसहरूका अपराध क्षमा गरेनौ भने तिमीहरूका पिताले तिमीहरूका अपराध क्षमा गर्नुहुनेछैन" (मत्ती ६:१४-१५)। अनि स्टेप्स टु क्राइस्टमा लेखिएको एलेन जी ह्वाइटको यो कथन पढें, "आफूसँग युद्ध नै सबभन्दा बढि युद्ध हो। आफ्नो स्वार्थ प्रभुमा सुम्पनु भनेको ठूलो संघर्ष हो। तर कोही नयाँ पवित्र जीवन बिताउन चाहन्छ भने उनले आफ्नो आत्मालाई प्रभुलाई सुम्पिनै पर्दछ" (पृ. ४३बाट रूपान्तरित)।

मैले खतरा पाप बोकिरहेको मैले महसुस गरेँ। मैले आमालाई क्षमा दिनुपर्छ भनेर महसुस त गरेँ तर म झुक्न चाहिनँ। तर प्रभुले मेरो जीवनमा काम गर्दै रहनुभयो र फेरि आमासँग बोलिचाली हुन थाल्यो। यो सुरु थियो। उहाँलाई धन्यवाद होस्। तर हामीमा बोलिचाली भएतापनि माया र ममता थिएन। उनीप्रति म किन रुखो हुनुपर्छ भनेर सोचेकी थिएँ। उनकै कारणले मेरो यस्तो गति भएको भनेर मैले सोचेको थिएँ। यदि मलाई नभएतापनि आमालाई परिवर्तन गर्न सकुन् भनि मैले प्रार्थना गर्न थालेँ। एक दिन एक जनाको भनाइ मलाई याद आयो, "कतिपय समयमा प्रभुले तिम्रो परिस्थितिलाई बदल्नुहुन्न किनकि तिम्रो हृदय बदलेको उहाँ चाहनुहुन्छ। प्रभुले म परिवर्तन भएको चाहनुभएको मैले महसुस त गरेँ, तर कसरी?

आज चारमेल थाइलान्डको एडेभन्टिस्ट स्कूलमा किन्डर गार्डेन शिक्षिका छिन्। तर आफ्नी आमासँगको सम्बन्ध कसरी मर्मत भयो त? अर्को कथामा हामी हेर्नेछौं।

**-चारमेन कु**